ADDCN ई-बुलेटिन

Association of District Development Committees of Nepal

जिल्ला विकास समिति महासंघ नेपाल

Vol. 2 [Issue – 2] (जिल्ला विकास समिति महासंघ नेपालको मासिक ई-बुलेटिन) 2012 May-July {069 Jesth-Ashar}




# नविकरणीय ऊर्जामा जिविस धादिङ उत्कृष्ट

**२०६९ असार ४ गते, धादिङ :** नवीकरणीय र वैकल्पिक ऊर्जाको क्षेत्रमा उदाहरणीय कार्य गरेको भन्दै धादिङ जिल्ला विकास समितिलाई पुरस्कृत गरिएको छ । आर्थिक वर्ष ०६७/६८ मा जिल्लामा नवीकरणीय ऊर्जाको क्षेत्रमा गरेको योगदानको मूल्यांकन गर्दै जिविस महासंघ नेपालले देशकै उत्कृष्ट जिविसको रुपमा धादिङ जिविसलाई पुरस्कृत गरेको हो । २३ वटा जिविससँग प्रतिस्पर्धा गराउँदा जिविस धादिङले एकसय पूर्णकमा ८५.६ अंक प्रप्त गरेको महासंघले जनाएको छ । सदरमुकाम धादिङबेसीमा सोमवार आयोजित कार्यक्रममा धादिङका प्रमुख जिल्ला अधिकारी देवप्रसाद खरेल र जिविस महासंघका महासचिव हेमराज लामिछाने, केन्द्रीय सदस्य जीवन शाहीले स्थानीय विकास अधिकारी इन्दु घिमिरेलाई कदर पत्र प्रदान गरे । यसैबिच, नवीकरणीइ ऊर्जाको क्षेत्रमा उत्कृष्ट काम गरेर जिविस धादिङ पुरस्कृत हुँदा धादिङका ८४ हजार घरधुरीमध्य ५७ प्रतिशत घरधुरीमा विद्युतीकरण हुन नसकेको पाइएको छ । धादिङबेसीमा आयोजित ऊर्जा कार्यशालामा जिल्लामा अझै पनि ४८ हजार तीन सय घरधुरीमा कुनै किसिमको विद्युत सेवा नपुगेको सरोकारवालाले बताए । जिल्ला ऊर्जा तथा वातावरण शाखाका ऊर्जा विकास अधिकृत सुरेश श्रेष्ठका अनुसार ४३ प्रतिशत घरधुरीले केन्द्रीय तथा स्थानीय तहबाट नवीकरणीय ऊर्जा सेवा उपभोग गरिरहेका छन् ।

जिल्लामा केन्द्रीय प्रसारण लाइनबाट ६९ प्रतिशत र स्थानीय संघसंस्था तथा ऊर्जा शाखाबाट ३१ प्रतिशत घरमा नवीकरणीइ ऊर्जाबाट विद्युतीकरण सेवा पुगेको पनि श्रेष्ठले जानकारी दिए । जिल्लामा विद्युतीकरण भएका ३६ हजार १ सय २० घरधुरीमध्ये जिल्ला ऊर्जा शाखा तथा वातावरण शाखाबाट १६० किलोवाट विद्युत् उत्पादन गरी एक हजार सात सय १७ घरधुरी, ऊर्जा क्षेत्रसहयोग कार्यक्रमबाट तीन सय ५५ दशमलव २५ किलोवाट विद्युत् उत्पादन तीन हजार ९ सय ३८ घरधुरी, सोलार प्यानलबाट पाँच हजार चार सय ६४ घरधरी र नेपाल विद्युत् प्राधिकरणको केन्द्रीय प्रसारण लाइनबाट २५ हजार एक सय घरधुरीमा विद्युतीकरण भएको बताइएको छ । जिल्लामा अहिलेसम्म २१ हजार तीन सय घरमा सुधारिएको चुलो निर्माण भइसकेको छ ।

उक्त कार्यक्रममा जिविस महासंघ नेपाल, गाविस महासंघ, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, जिविकोपार्जनकालागि नविकरणीय ऊर्जा, स्थानीय विकास मन्त्रालयका सचिव, उपसचिव लगायत स्थानीय विकास अधिकारीहरुको उपस्थिती रहेको थियो । सोही छलफलबाट निस्कीयका केही महत्वपूर्ण बुदांहरु यसप्रकार रहेका छन् ।




यसरी सामुहिक रुपमा चलेको छलफलबाट निस्कीएका बुदांहरुको क्रमसंगै कार्यक्रमको समापन जिविस धादिङका स्थानीय विकास अधिकारीज्यूले गर्नु भएको थियो ।

# नविकरणीय ऊर्जामा जिल्ला विकास समिति दोलखा दोस्रो

**२०६९ जेठ २५ गते, दोलखा :** वैकल्पिक ऊर्जाको क्षेत्रमा राम्रो काम गरेकोमा दोलखा जिल्ला विकास समिति सम्मानित भएको छ । जिल्ला विकास समिति महासंघ नेपालले गरेको मूल्यांकनमा नवीकरणीय ऊर्जाको इोत्रमा उत्कृष्ट काम गरेमा दोलखा दोस्रो स्थान हासिल गरेको हो । दोलखामा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको कार्यक्रम अन्तर्गत विभिन्न दातृ निकायको सहयोगमा १५ वर्ष अघिदेखि लघुजलविद्युत्, बायोग्याँस, चुलोलगायतका वैकल्पिक ऊर्जाका कार्यक्रमहरु सञ्चालनमा छन् । मूल्याङ्कनमा धादिङ प्रथम र काभ्रेपलाञ्चोक तृतिय भएका जिविस महासंघ नेपालका कार्यकारी महासचिव हेमराज लामिछानेले बताए ।




लघुजलविद्युत् मार्फत दोलखाका ८ हजार ३ सय २१ घरमा विद्युतीकरण भएको छ । ग्रामीण ऊर्जा विकास कार्यक्रम अन्तर्गत १५ वटा आयोजनाबाट ३ सय ४८ किलोवाट विद्युत् उत्पादन भएको छ । पेल्ट्रिक सेछतर्फ १६ वटा आयोजनाबाट वैकल्पिक ६९ किलोवाट विद्युत् उत्पादन भएको छ । १८ हजार ८ सय ५० बायोग्यास प्लान्टको सम्भावना रहेकोमा दोलखामा अहिले सम्म १ हजार २ सय ३० वटा निर्माण भइसकेका छन् । र १ सय ६३ मर्मत सम्भार गर्नुपर्ने अवस्थामा रहेको दोलखाका स्थानीइ विकास आधकारी ऋषिराज आर्चायले जानकारी दिए । धुवाँरहित ११ हजार ५ सय ७६ सुधारिएको चुलो निर्माण सम्पन्न भएको र १५ सय निर्माणाधीन अवस्थामा रहेको र ६ सय ५० वटा फलामे चुलो पनि सञ्चालनमा रहेको समेत उनले जानकारी दिए । विद्युत् सेवा नपुगेका ९ सय ८५ घरमा सौर्य ऊर्जा टुकी पनि दोलखामा वितरण गरिएको जिविस महासंघ नेपालका केन्द्रीय सदस्य भरतबहादुर खड्काले एक कार्यक्रमका बीच स्थानीय विकास अधिकारी ऋषिराज आचार्यलाई सम्मान पत्र हस्तान्तरण गरेका थिए । ऊर्जा कार्यक्रमलाई समन्वय गर्न जिल्ला विकास समिति अन्तर्गत ऊर्जा तथा वातावरण शाखा र एक वर्षदेखि ऊर्जा तथा वातावरण इकाइका रुपमा स्थापना भएको छ । आचार्यले दोलखा विद्युत् को क्षेत्रमा मेगा आयोजना सञ्चालन भइरहेकाले जिल्ला विकास समितिले ऊर्जा डेक्स बनाउन लागेको जानकारी दिए । यसको नियमावलीको मस्यौंदासमेत तयार भइसकेको जानकारी दिदैं जिल्ला ऊर्जा शाखालाई ऊर्जा डेक्सको कामको जिम्मेवारी समेत दिने उनले बताए ।

## ऊर्जा तथा वातावरण विज्ञको चीन भ्रमण

बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रद्वारा विकेन्द्रीकृत ऊर्जा प्रवर्द्धनको क्षेत्रमा हासिल गरेको उपलब्धीहरुको बारेमा जानकारी लिने उद्देश्यले नेपालको तर्फबाट १४ जनाको उच्चस्तरीय अध्यायन टोली २०६९ जेष्ठ ३ देखि ८ गते चीनको भ्रमणमा सामेल भएका थिए ।

चीनमा ऊर्जा खपतको अवस्था हेर्दा हालसम्म ९७ प्रतिशत घरधुरीहरुमा विद्युत् सेवा उपलब्ध भइसकेको छ । यद्यपि अझैपनि ३ करोड ग्रामीण जनता अध्यारोमै बस्न बाध्य छन् । सन २००१ देखि ग्रमीण भेगमा बसोवास गर्दै आइरहेका जनताहरुलाई विकेन्द्रीकृत तथा नवीकरणीय ऊर्जा प्रविधिहरुको प्रवर्द्धनबाट विद्युत् आवश्यकता परिपूर्ति गर्ने उद्देश्यले China's State Development & Planning Commission को स्थापना गरेको थियो । यो स्थापना संगै २० महिनामा १००० दुर्गम गाउँहरुमा उज्जालो पुऱ्याउन सफल भएको थियो । सन २००३ जुन सम्ममा सौर्य ऊर्जा प्रणाली मार्फत २० मेगावाट, वायु ऊर्जाबाट ८४० किलोवाट र साना जलविद्युत् आयोजनाबाट २०० मेगावाट विद्युत् उत्पादन गर्न सफल भएको थियो । चीन सरकारले सो विद्युत् उत्पादन गर्न करिब २४० मिलियन अमेरीकी डलर अनुदानको व्यवस्था गरेको थियो । सो भ्रमणका क्रममा विश्वकै सबै भन्दा बढी विद्युत् उत्पादन गर्ने Roof Top Solar PVS System तथा विश्वकै सबै भन्दा ठुलो जलविद्युत् आयोजनाको समेत अवलोकन गरिएको थियो । हुनान प्रान्तमा अवस्थित Singeyes Solar Technologiest Ltd का छानामा जडान गरिएको Roof Top Solar PV ले २०.८ मेगावाट विद्युत् उत्पादन गर्ने गर्दछ । यो विद्युत् कम्पनीले आफैले उपभोग गर्ने र नपुग विद्युत् राष्ट्रिय प्रसारणबाट लिने गरेको पाइयो ।

सोही भ्रमणमा विश्वकै सबैभन्दा ठुलो China Yangtze Three Gorges Project को अवलोकन समेत गरिएको थियो । यस परियोजनामा २९ वटा ७०० मेगावाटका टर्वाइन जडान गरि २०,३०० मेगावाट बिजुली उत्पादन गरिएको छ । यसले वार्षिक १०० TWhe ऊर्जा उत्पादन गर्छ । जुन ऊर्जा भनेको चीनको लागि १ दिनमा खपत हुने ऊर्जा हो । साथै यस भ्रमणमा ४८ मेगावाट को Wind Mill Farm, कम दाउरा प्रयोग गरि खाना बनाउन सकिने Semi Gasifier, Briquette लगायत नविकारणीय ऊर्जा प्रविधिहरुको उत्पादन गर्ने उत्पादक कम्पनीहरुको स्थलगत अवलोकन गरि छलफल गरिएको थियो । सो भ्रमणदलमा जिविस महासंघ नेपालको तर्फबाट ऊर्जा तथा वातावरण विज्ञ सतिश अर्यालले भाग लिनु भएको थियो ।


World's Largest Roof Top Solar PVS System


अध्ययन टोली


China Yangtze Three Gorges Project

# संघीय नेपालमा ग्रामीण ऊर्जा विकासका क्षेत्रमा स्थानीय सरकारको कार्य, जिम्मेवारी र भूमिका सम्बन्धि १ दिने कार्यशाला गोष्ठी

**२०६९ जेठ २८ गते, काठमाडौं:** संघिय नेपालमा ग्रमीण विकासका क्षेत्रमा स्थानीय सरकारको कार्य, जिम्मेवारी र भूमिका सम्बन्धि १ दिने कार्यशाला गोष्ठी एरपोर्ट होटल, एरपोर्टमा सम्पन्न भएको छ । सो कार्यक्रम जिविस महासंघ नेपालका अध्यक्ष श्री ऋषिराज लुम्सालीको अध्यक्षतामा भएको थियो । महासंघका कार्यकारी महासचिव हेमराज लामिछानेले कार्यक्रमको उद्देश्यमाथि प्रकास पार्दै सम्पुर्ण सहभागिहरुलाई स्वागत गर्नुभएको थियो । कार्यक्रममा तीन वटा कार्यपत्रहरु प्रस्तुत गरिएको थियो । जसमा जिविस महासंघ नेपाल र गाविस राष्ट्रिय महासंघका तर्फबाट सतिश अर्याल र प्रदिप पौडेल र बैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट रुद्र खनाल र ग्रामिण जिविकोपार्जनका लागि नविकरणीय ऊर्जा कार्यक्रमका तर्फबाट तारा श्रेष्ठले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।




उक्त कार्यक्रममा जिविस महासंघ नेपाल, गाविस राष्ट्रिय महासंघ नेपाल, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, जिविकोपार्जनकालागि नविकरणीय ऊर्जा, स्थानीय विकास मन्त्रालयका सचिव,उपसचिव लगायत स्थानीय विकास अधिकारीहरुको उपस्थिति रहेको थियो । उक्त कार्यक्रमा संघीय नेपालमा ग्रमीण विकासका क्षेत्रमा स्थानीय सरकारको के-कस्तो जिम्मेवारी र भूमिका रहन्छ र रहनु पर्दछ भन्ने विषयमा केन्द्रित रहेर छलफल गरिएको थियो । सोही छलफल बाट निस्किएका केही महत्वपूर्ण बुदांहरु यसप्रकार रहेका छन् ।

### श्री इन्दु घिमिरे, स्थानीय विकास अधिकारी, धादिङ्ग

- ऊर्जा विषयको कुरा गर्नु भन्दा पहिले जलस्रोतको बिषयलाई अघिसारेर ऊर्जाको बारेमा जानकारी गर्ने ।
- जिल्लाको विकासका लागि जलस्रोतका विषयलाई बढी महत्व दिने ।
- समुदायमा कुलो, मुहान आदिका विषयका विभिन्न विवादहरु आउने गरेकाले सर्वप्रथम कृतिम स्रोतका बारेमा जानकारी गराउने ।
- लगानीको योजना मार्फत जिल्ला विकास समितिका पहल गर्नपर्दछ
- खर्चको योजना भन्दा लगानीको योजनाका जानु पर्दछ ।
- प्राविधिक बाटोलाई पनि संग-संगै लिएर हिड्नु पर्दछ, यसले केन्द्रलाई सहयोग गर्दछ ।

### श्री बोम बहादुर खत्री, केन्द्रीय सदस्य, जिविस महासंघ नेपाल

- विकेन्द्रीकरण र संघीय भन्ने शब्द २०६३ सालको जनआन्दोलनले ल्यएको हो ।
- जिविसमहासंले जिल्लालाई राख्नु पर्दछ भन्ने कुरा पास गरेका थियौं तर कार्यपत्रमा जिल्ला भन्नेनै छैनु ।
- जल, जंगल र जमिनका कुरा, अविछिन्न अधिकारका कुराहरु आएका छन् त्यस्ता कुराहरुलाई औल्याउदा ध्यान दिनु पऱ्यो ।
- हामी स्थानीय सरकारको दाबी गर्दछौं ।
- केन्द्रको अधिकार क्षेत्रसम्म लाने, प्रदेशले नियमहरु बनाएर केन्द्रमा पढाउनेहो भने म संघीयता विरोधी हु ।

### श्री दीप बहादुर शाही, केन्द्रीय सदस्य, जिविस महासंघ नेपाल

- स्थानीय स्वत्तशासन ऐनमा ऊर्जासम्बन्धिकुराहरुमा यसले धैरै जिल्लाहरुमा एन.जि.यो. मार्फत काम गरिरहेको छ, तर ६ महिना भन्दा बढी यस्ता एन.जि.यो का कामहरु नचल्ने भएकाले ६ महिना पछि कामहरु शुन्य भएका कतिपय कामहरु हामिले देखेका छौं ।
- कतीपय यस्ता कामहरुमा शुरुमा ऊर्जाले लगानी गरीदिने पछि ती लगानीको भार जनतामा पर्ने गरेको देखिएको छ ।
- ऊर्जाको काम मनिटरीङ गर्ने छ की छैन् त्यो हेर्नु पर्दछ ।
- यो दिर्घकालीन भएन ।
- बिग्रेकोलाई बनाउने काम गर्नु गर्दछ ।

### श्री तुल्सी प्रसाद नेउपाने, केन्द्रीय सदस्य, जिविस महासंघ नेपाल

- ५०० किलो वाट भन्दा सानालाई मात्र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले अनुदान दिने गरेको छ त्यसमा वैकल्पिक ऊर्जाले ५० मेगावाट सम्मकालाई अनुदान दिने व्यवस्था गनुपर्यो ।
- स्थानीय तहमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र विवाद मुक्त हुनुपऱ्यो ।
- सौर्य ऊर्जामा बढी भन्दा बढी महत्व दिनु पर्दछ ।
- नीति नियम तिर पनि ध्यान दिनु पऱ्यो ।
- गोबर ग्यास प्लान्ट बाट ऊर्जा उत्पादन गर्ने तिर बढी ध्यान दिनु पऱ्यो ।

### श्री जगन्नाथ थपलिया, केन्द्रीय सदस्य, जिविस महासंघ नेपाल

- २०५३ सालदेखि अहिले सम्ममा ३० हजार मानिस होईन की ३० लाख मानिस यसमा संलग्न भएका छन् ।
- नेपाल जस्तो लोडसेडिङ हुने देहमा ऊर्जा विकासले ठुलो सहयोग गरेको छ ।
- मनीटरीङ प्रणाली तिब्र हुनु पर्दछ ।

### श्री उद्धव तिमील्सेना, अध्यक्ष स्थानीय विकास अधिकारी समाज

- यस्ता कार्यक्रमा मन्त्रालयका व्यक्तीहरुको उपस्थिती हुनुपर्दछ ।
- स्थानयि स्वयत्त शासन ऐन २०५५ को संरक्षण र प्रवद्धनमा लाग्नु पर्दछ ।
- स्थानीय निकायको चुनाव हुनु जरुरी छ यसका बारेमा कसैले कहिल्यै पनि कुरा उठाउदैनन् ।



### श्री नवराज गेलाल, केन्द्रीय सदस्य गाविस राष्ट्रिय महासंघ

- आयोगले बनाएका नियमहरु कहि लागु नभएका ।

- राज्य बढी शक्तीशाली हुने र जनता कम शक्तिशाली हुने कुरा मलाई लाग्दैन ।
- आयोग मात्र बनाउने कुराले राम्रो गर्दैन् ।
- जनमत संग्रहका बारेमा उल्लेख गरीनु पर्ने ।
- स्थानीय निकायको तहमा जानेकी नजाने ।
- जनप्रतिनिधि नरहेको स्थानीय निकायको चुनावलाई प्रवल रुपमा उठाउनु पर्दछ ।
- कार्यपत्रमा धेरै राम्रा कुराहरु समेटीयका छन् ।

**श्री घनश्याम खतीवडा, केन्द्रीय सदस्य, गाविस राष्ट्रिय महासंघ**

- स्थानीय सरकार अपरिहार्य संस्था हो ।
- वैकल्पिक ऊर्जा प्रवर्द्धनको कुरा गर्दा ऊर्जा क्षेत्रमा गाउँ-गाउँमा पानिका मुहान, वन-जंगल आदिका विषयमा झगडा बढ्न थालेका छन् ।
- संघ,महासंघका प्रतीनिधिहरुको कुरालाई जोड दिनुपर्दछ ।
- जनप्रतिनिधि नभएकाले यसको बारेमा चिन्ता गनुपर्दछ ।
- कार्यान्वयनको तहमा जानुपर्दछ ।

**श्री पुरुषोत्तम नेपाल, उपसचिव, स्थानीय विकास मन्त्रालय**

- ऊर्जाका कुराहरु स्थानीय निकाउले लिनुपर्ने ।
- स्थानीय निकायको निर्वाचन नभएको ।
- कर्मचारी थप र स्रोत व्यवस्थापन सम्बन्धि कुरा समावेश गनुपर्ने ।
- १मेगावाट भन्दाककमको रोयल्टी दिनुपर्ने र त्यो भन्दा कमको रोयल्टी दिनुनपर्नै ।
- प्रविधिक कुराहरु पनि हेर्नु पर्ने ।
- वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र ऐन र जलस्रोत ऐनमा सुधार गनुपर्ने ।
- वैकल्पिक ऊर्जामा परेका समस्याहरु कसले हेर्ने श्र
- स्थानीय विकास अधिकारीको बढी र स्थानीय निकायको कम क्षमता भएकोले सम्बन्धित क्षेत्रमा कुरा पुऱ्याउनु पर्ने ।

**श्री लाल कुमार के.सी, केन्द्रीय सदस्य, जिविस महासंघ नेपाल**

- स्थानीय निकायलाई सक्षम र सवल बनाउनु पर्ने ।
- दिगो विकासलाई स्थानीय सरकारले सहयोग गर्ने ।
- ३ पिमा सरकारको सहभागिता भन्ने मोडल आइरहेको हुनाले दिगो विकासलाई सहयोग गनुपर्ने ।
- जल, जमिन र जंगल आदिको व्यवस्थापन गर्न सकियो भने गरिब जनताको जिवनस्तर बलियो हुने थियो ।
- पशुपालनलाई बढवा दिनु पऱ्यो ।

**श्री चित्र थापा, केन्द्रीय सदस्य, जिविस महासंघ नेपाल**

- संघिय संरचना भित्र नाम नभएको र काम पनि नभएको ।
- वैकल्पिक ऊर्जाको प्रयोग मध्यम स्तर सम्म मात्र पुगेको छ ।
- यसको लगानी महंगो भएको हुदाँ निम्न स्तरसम्म पुग्न सकेको छैन् ।
- ग्रामिण भेगमा बढी छुट दिनुपर्ने व्यवस्था मिलाउनु पर्ने ।
- चर्पीमा गोबरग्यास जोड्न सके राम्रो हुने थियो ।
- रोयल्टी शुल्कका बारेमा कुरा उठाउनुपर्ने ।
- बजेटको राम्रो व्यवस्था गनुपर्ने ।

**श्री पदम बहादुर पौडेल, केन्द्रीय सदस्य, गाविस राष्ट्रिय महासंघ**

- सामुदायीक ऊर्जालाई बढी महत्व दिनुपर्ने ।
- हामीसंग सोलार उत्पादन गर्ने क्षमता कम भएको ।
- नीतिगत कुरा मात्र होइन भिजनमा समेत लानुपर्ने ।

**श्री रुद्र खनाल, प्रशासकिय अधिकृत, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**

- १५ वर्षमा ३० हजार होईन ३० लाखलाई सेवा प्रदान भएको छ ।
- जिल्ला ऊर्जा शाखा ऐन स्थानीय निकायमा सफल हुन सकेको छैन् ।
- संघीयता अनुसार कार्यक्रमलाई ढाल्न हामी सक्छौं ।
- स्थानीय निकाय, स्थानीय विकास मन्त्रालय र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको सामुहिक छलफल हुनु जरुरी छ ।

**श्री रमेश अधिकारी, उप-सचिव, स्थानीय विकास मन्त्रालय**

- समुदायको बोली सबैको रोजाई हुनुपऱ्यो ।
- टाइम र टुलको प्रयोग गर्नु पर्दछ ।
- सम्भावना भएका ठउँमा काम गर्ने ।
- बायोग्यासलाई खाने पानि संग जोड्ने ।
- सम्भावना हरेका ठाउँमा छन् सम्भव गर्ने काम हाम्रो हो ।

**श्री भरत बहादुर खड्का, केन्द्रीय सदस्य, जिविस महासंघ नेपाल**

- सम्भानवा भएर उपयोग गर्न नपाउदाको पिडा ।
- विकासका कुरामा हामीहरु सकै एक जुट हुनुपर्ने ।
- कुनै पनि विकासका योजनाहरु जिविस मार्फत जानु पर्देछ ।
- पाहाडि जिल्लामा केही आर्थिक समस्याहरु छन् त्यसलाई सरकारले बार्षिक रुपमा हेर्नु पर्दछ ।
- जिविसमहासंघलाई कस्तो किसिमको भूमिका दिनु पर्दछ भन्ने कुराको छलफल गर्नु जरुरी छ ।

**श्री महिन लिम्बु, अध्यक्ष, गाविस राष्ट्रिय महासंघ**

- हरेक कामहरु जनताको घरदैलो सम्म पुऱ्याउने काम स्थानीय निकाय बाट मात्र सम्भव हुने ।
- दुर्गम गाउँमा जनताको दिगो विकासका लागि स्थानीय निकायको राम्रो व्यवस्था हुनुपर्ने ।
- वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको राम्रो व्यवस्था गर्नु पर्ने ।
- वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको सहयोग गाउँका निम्न वर्गीय जनता सम्म पुग्नसक्ने एउटा नीति बनाउनु पऱ्यो ।
- स्थानीय जनताले नै दिगो र स्थायीत्व हुने प्रविधि, सीप र ज्ञानको खोजी गर्नु पर्ने ।

**श्री ऋषिराज लुम्साली, अध्यक्ष, जिविस महासंघ नेपाल**

- खानेपानी र सरसफाई प्रति बढी प्राथमिकता दिनुपर्ने ।
- संघीयता भनेको स्थानीय बलीयो हुने कुरा हो ।
- शहरी क्षेत्रको जनसंख्या बढ्दो छ, ऊर्जाको क्षेत्र पनि बढ्दो तर विकासको क्रम घट्दो छ ।

यसरी सामुहिक रुपमा चलेको छलफलबाट निस्कीएका बुदांहरुको क्रमसंगै कार्यक्रमको समापन गरिएको थियो ।

## स्थानीय शासन तथा उत्तरदायित्व संयन्त्र (LGAF) को राष्ट्रिय समितिको बैठक

काठमाडौं, २०६९ असार १५ गते स्थानीय शासन तथा उत्तरदायित्व संयन्त्र (LGAF) को राष्ट्रिय समितिको बैठक सम्पन्न भयो । बैठकमा आगामी आ.व. देखि उक्त कार्यक्रम स्थानीय निकायका संघ/महासंघहरु जिल्ला विकास समिति महासंघ नेपाल, गाउँ विकास राष्ट्रिय महासंघ नेपाल र नेपाल नगरपालिका संघका तर्फबाट जिल्ला विकास समिति महासंघ नेपालले सञ्चालन गर्ने गरी जिम्मा दिने निर्णय भएको छ । साथै आगामी २०६९ असार २५ गते पुनःबस्ने राष्ट्रिय समितिको बैठकमा जिविस महासंघ नेपालले Memorendum of Understanding (MoU) र Terms of Reference (ToR) तयार गरी छलफलमा पेश गर्ने समेत सहमति भएको छ ।

# बालमैत्री स्थानीय शासन र हाम्रो भूमिका

## कार्यशाला गोष्ठी, २०६९ जेठ २९ गते



**२०६९ जेठ २९ गते, काठमाडौं,** मा बालमैत्री स्थानीय शासन र हाम्रो भूमिका विषयक एक अभिमूखीकरण कार्यक्रम सम्पन्न भयो । गाविस राष्ट्रिय महासंघ नेपालका अध्यक्ष महिम लिम्बुको अध्यक्षता र जिविस महासंघ नेपालका अध्यक्ष ऋषिराज लुम्सालीको सह अध्यक्षता समन्न उक्त कार्यक्रमको संचालन गाविस राष्ट्रिय महासंघ नेपालका कार्यकारी निर्देशक परशुराम उपाध्यायले गर्नु भएको थियो भने आयोजकहरुको तर्फबाट जिविस महासंघका कार्यकारी महासचिव श्री हेमराज लामिछानेले सहभागीहरुलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नुभएको थियो ।

**ह्युमेन विंगोको सहायताले प्रयोग गरी सहभागीहरुको परिचयबाट शुरु भएको प्राविधिक सत्रलाई**

सहभागिहरुको परिचयबाट शुरु भएको प्राविधिक सत्रलाई युनिसेफ नेपालको अञ्जली प्रधानको ह्युमेन विंगोलाई परिचय कार्यक्रमलाई रोचक मात्र बनाएनकी प्रभावकारी समेत बनायो । उहाँले बालअधिकार सम्बन्धि सिद्धान्त, वालअधिकार महासन्धिका प्रावधान र महत्व सम्बन्धमा प्रकास पार्नु भएको थियो । पावर वाक अभ्यासले समाजमा रहेको विभेदिकरण र यसका नकारात्मक प्रभावलाई प्रष्ट पार्न महत्वपूर्ण भूमीका खेलेको थियो । छलफलको क्रममा गरिव बालबालिकाको जिम्मा कसले लिने भन्ने जस्ता प्रश्नहरु उठेका थिए र इच्छाशक्ति भएका श्रोत साधनको कमि नभएको समेत तर्क आएका थिए । समस्या श्रोतको अभाव होइन सोच र उपयुक्त नीतिको अभाव हो भन्ने निष्कर्ष थियो ।

कार्यक्रमको अर्को सत्रमा उहाँले वालसहभागिता तथा समावेशीकरणको अवधारण माथि प्रकाश पार्नु भएको थियो । टीका खेलको अभ्यासले समाजमा भएको सहभागिताको अवस्थालाई उठाउन खोजिएको थियो ।

युनिसेफ नेपालकी दोभान लावती तथा जिविस महासंघ नेपालका हेमराज लामिछानेले संयुक्त रुपमा वालवालिकामा लगानी किन ? वालवालिका वर्तमान अवस्था र यसले भविष्यमा पार्ने प्रभाव तथा नेपालको स्थानीय निकायद्वारा वालवालिकामा भएको लगानीको अवस्था आदिको बारेमा प्रकाश पार्नु भएको थियो ।

नेपाल सरकारको तर्फबाट स्थानीय विकास मन्त्रालयका सहसचिव दिनेश थपलियाले वालमैत्री स्थानीय शासन सम्बन्धि राष्ट्रिय नीति, रणनीति तथा योजना सम्बन्धि कार्य पत्र प्रस्तुत गर्नु भएको थियो । निर्वाचित प्रतिनिधि मार्फत मात्र वालवालिकाहरुको लागि कार्यक्रम लान सकिने र कार्यक्रमको प्रभावकारीता बढी हुने उहाँको निष्कर्ष थियो । सन्धि महासन्धिहरुमा हस्ताक्षेर गर्ने तर कार्यन्वयनमा ध्यान नदिने प्रवृत्ति नेपालमा रहेको कुरा छलफलमा उठेको थियो । उहाँले स्थानीय विकास मन्त्रालयले संचालन गर्ने समग्र कार्यक्रमहरुमा वालवालिकाहरुको हितलाई समावेश गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो । कार्यपत्र प्रस्तुती क्रममा वालमैत्री स्थानीय शासन प्रवर्धनमा महासंघहरुले समन्वयकारी भूमीका खेलेर तथा अनुगमन र मूल्याङ्कन गरेर योगदान पुऱ्याउन सक्छन भन्नुभयो । उहाँ सहभागीहरुबाट उठेका विभिन्न प्रश्नहरुको पनि उहाँले जवाफ दिनुभएको थियो ।

त्यस्तै गरी नेपाल सरकारको तर्फबाट स्थानीय विकास मन्त्रालयका उप सचिव गोपिकृष्ण खनालले स्थानीय शासन सामुदायिक विकास कार्यक्रम र वालमैत्री स्थानीयका बारेमा चर्चा गर्नुभयो भने उक्त मन्त्रालयका अर्को उप सचिव पेशल पोखरेलले वालमैत्री शासन सम्बन्धि राष्ट्रिय प्रयास तथा उपलब्धिको बारेमा छलफल प्रकाश पार्नु भएको थियो । कार्यक्रमको अर्को सत्रमा स्थानीय विकास अधिकारीहरुको तर्फबाट उद्धव तिमल्सिना र गाविस सचिवहरुले वालमैत्री स्थानीय शासनको बारेमा आफ्नो अनुभव बाँड्नु भएको थियो । सोचमा परिवर्तन, व्यवहारमा परिवर्तन, नीति र योजनामा परिवर्तन आवश्यकता छ यो परिवर्त व्यक्तिबाट शुरु हुनुपर्छ र अन्तराष्ट्रिय तहसम्म पुग्नु पर्दछ । यही प्रयास स्वरुप वालमैत्री स्थानीय शासनलाई तल्लो तहसम्म पुऱ्याउन वडा नागरिक मञ्चको गठन तथा हरेक गाविसमा एक एक सामाजिक परिचालकको व्यवस्था गरिएको छ । अनुभव बाँड्ने क्रममा फिलिपिनसको उदाहरण प्रस्तुत गरिएको थियो । जहाँ बच्चाहरुले एफ.एम. चलाएको तथा बच्चाहरुमध्येबाट सांसद चुनिने प्रावधान रहेको जान्न पाइयो । वालवालिकाको लागि योजना तर्जुमा गर्दा उनीहरुको प्रत्यक्ष सहभागितामा गरिनु पर्छ ।

सहभागिहरुको तर्फवाट आफ्नो विचार राख्ने क्रममा गाविस हकहित संरक्षण केन्द्रका दामोदर रिजालले संयोजन गर्ने निकायहरुले भित्र नहेरी वाहिर हेर्ने प्रवृत्ति भएको तथा बजेट खर्च गर्ने नीति र योजना भने बनाउने तर गरिएका कार्यक्रमहरुको मूल्याङ्कन भने नगर्ने प्रवृत्ति रहेको कुरा उल्लेख गर्नुभयो र आफू पनि एउटा स्थानीय निकायमा काम गर्ने व्यक्ति भएको नाताले आफ्नो वालमैत्री स्थानीय शासन लागु नभएता पनि आफ्नो कार्यक्षेत्रलाई वालमैत्री बनाउने प्रतिवद्धता व्यक्त गर्नु भयो । त्यस्तै अर्को सहभागी युनिसेफकी वेथ मेट्रेले





उक्त कार्यक्रम CFIG को लागि असाध्यै उपयोगी भएको बालमैत्रीको क्षेत्रमा काम गर्नेहरुको लागि अझै बलियो (गहिरो) प्रतिवद्धता व्यक्त गर्ने अवसर भएको बताए ।

आजको कार्यक्रमले बहुसरोकारवालाहरुलाई एकै ठाउँमा जम्मा हुने र बालमैत्री स्थानीय शासनको प्रतिवद्धता व्यक्त गर्ने अवसर प्रदान गरेको बताउनु भयो । उहाँले तपाँईहरुसबै बालमैत्री शासनको लागि काम गर्न Champion हुनु भएको छ भन्दै सहभागीहरुलाई उत्प्रेरित गर्नुभयो ।

सभाका सहअध्यक्ष जिविस महासंघ नेपालका अध्यक्ष ऋषिराज लुम्सालीले बालमैत्रीको लागि गर्ने प्रतिवद्धता र संकल्प लिएर फर्किन लागेको बताउँदै अरु सहभागिहरुलाई पनि त्यसै गर्नु अनुरोध गर्नुभयो । शिक्षक र परिवारमा आएको व्यवहार नै बालमैत्री वातावरणको सूचक हुने कुरा उहाँले बताउनु भयो । कार्यक्रमको अध्यक्षता गर्नु भएकी गाविस राष्ट्रिय महासंघ नेपालकी अध्यक्ष महिम लिम्बुले बालमैत्री शासन एउटा नयाँ अवधारणा भएकोले कार्यान्वयनमा थुप्रै चुनौती रहेको बताउनु भयो । बालमैत्री वातावरण एउटा सामाजिक विकासको काम भएकोले एउता कठिन काम हो र विशेष गरी महिलाहरुको चेतनामा वृद्धि नभएसम्म यो सफल हुन गाह्रो छ भन्नु भयो । कार्यक्रमको अनतमा उहाँले सम्पूर्ण सहभागीहरुलाई हार्दिक धन्यबाद ज्ञापन गर्नु भयो ।

# भोजपूर जिल्लामा ऊर्जा विकासका लागि छलफल

**२०६९ असार ७ गते, काठमाडौं:** संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा भोजपूर जिल्लाको ऊर्जा प्रविधीहरुको प्रवर्द्धनका लागि छलफल कार्यक्रम संचालन गरिएको थियो । भोजपूर जिल्लामा ऊर्जा प्रविधिहरुको प्रवर्द्धनमा देखिएको गतिरोध अन्त्यका लागि छलफल गरिएको थियो ।

जिविस महासंघ नेपालले छलफलका लागि समन्वय गरेको थियो । छलफलमा मन्त्रालयका उप-सचिव रमेश कुमार अधिकारी, भोजपूर जिल्ला विकास समितिका स्थानीय विकास अधिकारी लोकनाथ पौड्ेल, जिल्ला विकास समिति महासंघ नेपालका कार्यकारी महासचिव हेमराज लामिछाने तथा ऊर्जा तथा वातावरण विज्ञ सतीश अर्याल, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका रुद्र खनाल तथा सुरज रेग्मी र ग्रामीण जिविकोपार्जनका लागि नवीकरणीय ऊर्जा कार्यक्रमका मञ्जरी श्रेष्ठ आदिको उपस्थिति रहेको थियो । उक्त छलफलमा भोजपुर जिल्लाका स्थानीय विकास अधिकारीबाट उक्त जिल्लामा ऊर्जा विकासका लागि आईपरेका नीतिगत तथा व्यवहारीक समस्याहरुकोबारेमा बुदांगत जानकारी गराउँनु भएको थियो । सहभागिहरुद्वारा छलफलको समस्या समाधानका उपायहरुको खोजी गरिएको थियो । स्थानीय विकास अधिकारी भएर धादिङ्गमा कार्यरत रहँदा यस्तै प्रकृतिका समस्याहरु आफूले भोगेको र ती समस्याहरु छलफल एंव समन्वयबाट समाधान गरिएको स्थानीय विकास मन्त्रालयका रमेश अधिकारीले आफ्ना अनुभव सुनाउनु भएको थियो । साथै समस्या समाधानका लागि छिट्टै केन्द्रबाट केही प्रतिनिधीहरुलाई भोजपुर जिल्ला भ्रमण गर्न समेत अनुरोध गर्नु भएको थियो ।

हाल जिल्ला विकास समितिका कार्यरत स्थानीय विकास अधिकारीहरु नयाँ नियुक्तिमा रहनु भएकाले यस्ता समस्याहरु उदाहरणको रुपमा भोजपुर जिल्लामा देखिएता पनि अन्य जिल्लाहरुमा समेत देखिन सकिने भएकोले क्षेत्रीय वा राष्ट्रिय रुपमा स्थानीय विकास अधिकारीहरुलाई वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका नीति, कार्यक्रम तथा प्रक्रियाका बारेमा जानकारी गराउनु उपयुक्त रहने जिविस महासंघ नेपालका कार्यकारी महासचिव हेमराज लामिछानेले सुझाव दिनुएको थियो । साथै केन्द्रिय स्तरबाट छिट्टै भोजपुर जिल्लाको भ्रमण गर्ने कुरामा समेत सहमति भएको थियो ।

# Stakeholders' Consultative Workshop on NEpal's 20 Years Renewable Energy Perspective Plan

Alternative Energy Promotion Center is involved in drafting the 20 years (2010-2030) Nepal's Renewable Energy Perspective Plan. Ministry of Environment Science and Technology has formed Task Force Group under the chairmanship of Secretary of MoEST to monitor and guide consultant in the preparation of the plan. Five task force group meetings had already been held at MoEST for facilitation on preparation of this 2030 plan. The consultant had already prepared and submitted the draft version of document and this consultative workshop had been organized to give the final shape of Draft 20 years Nepal's Renewable Energy Perspective Plan. This workshop had organized on 1st June 2012 at Kathmandu. Feedback Ventures, consultant of AEPC, has been awarded for this task. In present condition, the percentage share of Renewable energy consumption over total energy consumption is less than 1%. This perspective plan has forecasted to reach the share of RETs up to 27% of total energy consumption by 2030. The forecasted results also shows that, to reach the 27% share of renewable energy, AEPC will require fund of Nepalese Rupees 7,625 crore by 2030. This plan has also indicates the roles and responsibilities of different ministries, departments and concerned institutions so that there will be less possibility of duplication of program and target will be achieved. In this workshop, Mr. Satish Aryal, Energy and Environment Expert of ADDCN had participated. Around 40 participants had participated in this consultative workshop.

# जिल्ला विकास समिति महासंघ नेपालको

## संघीय संविधानमा स्थानीय सरकारको संवैधानिक व्यवस्थासम्वन्धी

# प्रस्ताव

**पृष्ठभूमी :** २०४६ सालको जनआन्दोलन पछि प्राप्त प्रजातन्त्रको सम्वर्धन र संरक्षण गर्ने उद्देश्यका साथ तत्कालिन सरकारले स्थानीय निकायहरुको निर्वाचन गरी स्थानीय स्तरमा जनताको सहभागिता र पहुँच स्थापित गर्न गरेको पहल स्वरुप २०५१ सालमा जिविस महासंघ नेपालको स्थापना भै हालसम्म निरन्तर स्थानीय लोकतन्त्रको पक्षमा वकालती र पैरवीको कार्य गर्दै आएको छ । हाल संघीय नेपालको राज्य पुनर्संरचना गर्ने र नयाँ संविधान लेखन कार्य भैरहेको सन्दर्भमा जिविस महांसघ नेपालले संघीय संविधानमा स्वायत्त, अधिकारसम्पन्न र समावेशी स्थानीय सरकारको संवैधानिक प्रत्याभूतिको लागि निम्न प्रस्तावहरु पेश गर्दछ ।

क. जिल्ला विकास समिति महासंघ नेपालले देशका ५० भन्दा बढि जिल्लाहरुमा विभिन्न राजनीतिक दलहरु, नागरिक समाज र सरोकारवालाहरुसँग सघनरुपमा अन्तरकृया गरी स्थानीय सरकारको परिभाषा र प्रस्तावित कार्यगत अनुसूचि सम्वन्धमा गाँउ, नगर र जिल्ला तहको संरचनाका साथै कार्यसम्पादन सम्वन्धमा लामो समयदेखि आफना अवधारणाहरु सम्माननीय प्रधानमन्त्री, सम्माननीय सभामुख, राजनीतिकदलका नेताहरु, संवैधानिक समिति र विषयगत समितिका सभापतिहरु, संविधानसभा सदस्यहरु, उच्चस्तरीय राज्य पुर्नसंरचना आयोग समक्ष राख्दै आएको छ ।

ख. हालको कमजोर र अप्रयाप्त स्थानीय पूर्वाधारको अवस्था, मानवीय तथा आर्थिक विकासको पछौटेपन र लोकतन्त्रको प्रवर्द्धनमा नजिकबाट जनतालाई सेवा उपलव्ध गराउनु पर्ने अवस्थालाई ध्यानमा राख्दै (अ) स्थानीय तह र प्रदेशको तहमा समन्वय, (आ) योजना निर्माणमा सहजीकरण, (इ) स्थानीय तहका सरकारहरुको क्षमता विकास, (ई) स्थानीय तहका सरकारहरु बीच हुनसक्ने विवादहरुमा मध्यस्थता (उ) स्थानीय तहका सरकारहरुले गर्ने विकास गतिविधिहरुको अनुगमन तथा मूल्याङ्कन जस्ता समन्वयकारी भूमिका निर्वाह गर्ने र (ऊ) संघीयताको नयां ढंगले अभ्यास गर्दा उत्पन्न हुन सक्ने वर्तमान असहज यथार्थतालाई समेत ध्यानमा राखी आवश्यकता अनुसार दुई वा दुई भन्दा वढी गाँउ र नगर क्षेत्रभित्रका पूर्वाधार विकासका कामहरु गर्ने र कतिपय सन्दर्भमा केन्द्रीय तथा प्रदेश सरकारले तोकिदिएका थप कार्यहरु समेत सम्पन्न गर्ने जिल्ला सरकारको आवश्यकता रहन्छ भन्ने जिविस महासंघ नेपालको ठहर छ ।

ग. जिल्लातहको सरकार नहुने हो भने स्वाभाविक रुपमा प्रादेशिक सरकारहरुमा बढी तजवीजी ढंगका कानूनी अधिकार रहने र गाउं तथा




नगर अन्तर्गतका क्षेत्रहरु प्रदेश भन्दा धेरै टाढा रहने हुंदा सम्पर्क र समन्वयमा कठिनाइ हुनेछ, संघीयतामा नजिकको सरकारको अनुभूति दिलाउन प्रादेशिक तहमा रहेका सेवा केन्द्रहरुको निर्माण र सेवाप्रवाहको अभ्यास गराउन जिल्ला तहबाट प्रदान गरिंदै आएका सेवाकेन्द्रहरुलाई समेत सक्रीय बनाउँदा मात्र सेवा प्रवाह सरल र सुलभ हुन्छ ।

घ. जिल्ला विकास समिति महासंघ नेपाल स्थानीय तहको सरकारमा निर्वाचित जनप्रतिनिधिमूलक जिल्ला सरकारको पक्षमा रहेकोछ । प्रदेश सरकारले तोकेर खटाइएका कर्मचारीहरुको भरमा मात्र जिल्ला तहको प्रशासनिक इकाई राखेर सेवा प्रवाह गर्ने र समन्वय गर्ने कामले स्थानीय लोकतन्त्रलाई बलियो बनाउन सक्तैन बरु यसले निर्वाचित जनप्रतिनिधिहरुको स्वाभिमानमा चोट पुग्न सक्नेछ ।

ङ. स्थानीय सरकारलाई समावेशी बनाइएपछि हाल संविधानसभा विषयगत समितिका प्रतिवेदनहरुमा प्रस्तावित गरिएका विशेष संरचना (स्वायत्त क्षेत्र, विशेष क्षेत्र र संरक्षित क्षेत्र) को कामलाई पनि जिल्ला सरकारले नै व्यवस्थापन गर्न सक्नेछ ।

### स्थानीय स्वायत्त सरकार सम्वन्धी व्यवस्थाहरु

**१. प्रस्तावना:** स्थानीय स्वायत्त शासनका माध्यमबाट अधिकारको निक्षेपण गरी विकेन्द्रीकृत प्रक्रियाद्वारा निर्णय प्रक्रियामा जनसहभागिताको प्रत्याभूत गराउने ।

**२. स्थानीय स्वायत्त सरकारसम्वन्धी हक:** आवधिक निर्वाचनबाट स्थानीय स्वायत्त सरकारको गठन गर्ने नेपाली नागरिकको हक सुनिश्चित हुनेछ ।

**३. राज्यको दायित्व:** संघीय र प्रान्तीय सरकारहरुले स्थानीय सरकारहरुको कार्यसम्पादनका लागि आवश्यक पर्ने साधन श्रोत, क्षमता विकास सम्वन्धी कार्यक्रमहरुको सञ्चालन र आवश्यक निर्देशनहरु दिन सक्नेछन् ।

**४. राज्यको निर्देशक सिद्धान्त:** स्वशासन र शक्तिको निक्षेपीकरणका सिद्धान्तहरुलाई आत्मसात् गर्नु राज्यको दायित्व हुनेछ ।

**५. राज्यका नीतिहरु:** सहभागिता, सहकारिता, समावेशी र सहअस्तित्वको सिद्धान्तलाई आत्मसात् गर्दै सन्निकटाको सिद्धान्तका आधारमा स्थानीय सरकारहरुको कार्य विभाजन अनुसूचीमा व्यवस्था भएअनुसार हुनेछ ।

**६. स्थानीय स्वायत्त-सरकारको स्थापना:** (१) नेपाल गणराज्यभरी स्थानीय स्वायत्त-सरकारका रुपमा गाउँ सरकार नगर सरकार र जिल्ला सरकारहरु रहनेछन् । (२) स्थानीय सरकारको पुन:र्संरचना गर्दा एकरुपताका लागि मापदण्ड तय गर्न संघीय कानुन (Organic Law) अनुसार हुनेछ । (३) स्थानीय सरकारको निर्माण जनसंख्या र भूगोललाई आधारमानी गरिने छ । राजधानी र विकसित शहरहरुको लागि विशेष व्यवस्था गरिने छ । (४) स्थानीय तहको संख्या र सिमाना आवधिक रुपमा पुनरावलोकन गरिनेछ । सो प्रयोजनका लागि संघ, प्रदेश र स्थानीय सरकारले तोकेका विज्ञहरुको प्रतिनिधित्व रहने गरी एक आयोग गठन गरिनेछ । (५) उपधारा (३) बमोजिम गठन भएको आयोगले दिएको प्रतिवेदनका आधारमा स्थानीय तहको संख्या र सिमाना सम्वन्धित स्थानीयसरकारको सिफारिसमा सम्बन्धित प्रादेशिक सरकारले फेरबदल गर्नेछ । (६) स्थानीय स्वायत्त-सरकारको सिमाना निर्धारणमा जटील विवाद उत्पन्न भएमा सम्बन्धित क्षेत्रका जनताको जनमत संग्रहबाट निर्णय गर्न सकिनेछ ।

**७. स्थानीय सरकारको काम, कर्तव्य र अधिकार:** (१) प्रत्येक स्थानीय स्वायत्त-सरकारहरु आवधिक रुपमा निर्वाचित, अविच्छिन्न उत्तराधिकारवाला, स्वायत्त र स्वशासित हुनेछन् । (२) स्थानीय सरकारहरु आफ्नो क्षेत्राधिकारभित्रका राजनैतिक, आर्थिक, प्रशासनिक, सांस्कृतिक लगायतका स्थानीय मामलामा विधायिकी, कार्यकारी र न्यायिक अधिकार क्षेत्रको अभ्यासका लागि स्वायत्त हुनेछन् । (३) यस संविधानमा व्यवस्था भएबमोजिम सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता, शान्ति सुरक्षा, सामाजिक तथा आर्थिक न्यायको प्रतिकूल नहुने गरी प्रत्येक स्थानीय स्वायत्त-सरकारलाई आफ्नो क्षेत्रभित्रका जनताको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक विकास तथा प्राकृतिक सम्पदाको संरक्षण, सम्बर्द्धन र उपयोग गर्ने अधिकार हुनेछ । (४) स्थानीय सरकार आफ्नो क्षेत्राधिकारभित्रका विषयमा नीति, योजना तथा बजेट निर्माण गरी लागू गर्न स्वतन्त्र रहनेछन् ।

**८. गाँउ नगर सरकारको विधायिका गठन प्रक्रिया:** (१) प्रत्येक स्थानीय सरकारमा विधायिकी अंग सर्वोच्च रुपमा रहनेछ । (२) स्थानीय सरकारको विधायिकाले आफ्नो कार्यक्षेत्र भित्रका विषयमा

संघीय र प्रदेशका कानुनसँग नबाझिने गरी नियम विनियम निर्देशिका बनाउन सक्ने । (३) प्रत्येक स्थानीय सरकारमा विधायिकी अंगका रुपमा परिषद रहनेछ । (४) गाँउ तथा नगरसभामा समानुपातिक र समावेशी प्रतिनिधित्व सुनिश्चित हुनेगरी बहुसदस्यीय आधारमा प्रत्यक्ष रुपमा ७० प्रतिशत निर्वाचित हुनेछन् । (५) प्रत्यक्ष निर्वाचनबाट प्रतिनिधित्व हुन नसकेका जाति, वर्ग र समुदायहरुको प्रतिनिधित्वलाई सुनिश्चित गर्न ३० प्रतिशत सदस्यहरु समानुपातिक निर्वाचन प्रणालीका आधारमा निर्वाचित हुनेछन् । (६) स्थानीय सरकारको कार्यप्रणाली संविधान र कानूनको अधिनमा रही स्थानीय सरकार आफैंले निर्धारण गरेबमोजिम हुनेछ । (७) स्थानीय सरकारले आफ्नो क्षेत्राधिकारभित्रका विषयमा आफ्नो पुरक कानुन बनाई लागू गर्न सक्नेछन् ।

**९. जिल्ला सरकारको विधायिकाको गठन प्रक्रिया:** (१) जिल्ला परिषद्को गठन गर्दा गाँउ तथा नगरसरकारका परिषद सदस्यहरुको निर्वाचक मण्डलबाट ५५ प्रतिशत सदस्यहरु अप्रत्यक्ष निर्वाचनबाट आउनेछन् । (२) बाँकी ४५ प्रतिशत मध्ये २० प्रतिशत उद्योग बाणिज्य क्षेत्र, सामुदायिक बन, सहकारी, उपभोक्ता समितिहरु, गैसस, पत्रकार मध्येबाट हुने र बाँकी २५ प्रतिसत प्रतिनिधित्व आर्थिक तथा सामाजिक रुपले पछाडि पारिएका जातजाति, बर्ग, दलित आदिवासी, मधेसी, अपांग आदिबाट गरिनेछ । (३) जिल्ला परिषद्को कुल सदस्यको कम्तिमा ३३ प्रतिशत महिला हुनेछन । (४) जिल्ला परिषदबाट जिल्ला प्रमुखको निर्वाचन गरिनेछ र प्रमुखद्वारा उपप्रमुख लगायत ६५ प्रतिशत सदस्यहरु परिषद् भित्रबाट र बाँकी ३५ प्रतिशत सदस्यहरु विषय विज्ञ लगायत अन्य क्षेत्रबाट गरिनेछ ।

**१०. स्थानीय सरकारको कार्यकारिणी अंगको गठन:** (१) प्रत्येक स्थानीय सरकारको कार्यकारिणी अंगमा अध्यक्ष र उपाध्यक्षसहित सदस्यहरु रहनेछन । (२) सदस्यको संख्या भूगोल र जनसंख्याका आधारमा कानुनमा व्यवस्था भए अनुसार हुनेछ । (३) उपधारा (१) बमोजिम अध्यक्षले सम्बन्धित स्थानीय सरकारका सदस्यहरुमध्येबाट अलग लिंग, समुदाय वा क्षेत्रसमेतका आधारमा समावेशी हुनेगरी १० प्रतिशत सदस्यहरुको मनोनयन गरी कार्यविभाजन समेत गर्नेछ । (४) यस भागमा लेखिएको स्थानीय सरकारको कार्यकारिणी सम्बन्धी अन्य व्यवस्थाहरु यस संविधानको अधीनमा रही कानुनमा व्यवस्था गरिएबमोजिम हुनेछ ।

**११. कार्यकारीणीको पदावधी:** (१) प्रत्येक स्थानीय सरकारमा कार्यकारिणी प्रमुख, उपप्रमुख लगायत सदस्यहरुको पदावधी ५ वर्षको हुनेछ । (२) स्थानीय तहको व्यवस्थापिकीय अंगका तत्काल कायम रहेका सदस्यहरुमध्येबाट एकतिहाई सदस्यहरुले राखेको महाभियोगको प्रस्ताव दुईतिहाई सदस्यहरुबाट पारित भएमा स्थानीय सराकारका कार्यकारी प्रमुख र उपप्रमुखको पदमुक्त हुनेछ ।

**१२. स्थानीय सरकारको कार्य जिम्मेवारी तथा अधिकारक्षेत्र:** (१) गाँउ, नगर र जिल्ला सरकारहरुको कार्य जिम्मेवारी तथा अधिकारक्षेत्र संविधानको अनुसूचीमा व्यवस्था गरे बमोजिम हुनेछ ।

**१३. स्थानीय सरकारको वित्तीय अधिकारक्षेत्र:** (१) गाँउ, नगर र जिल्ला सरकारले संघीय र प्रादेशिक सरकारबाट समानीकरण, निशर्त र सशर्त अनुदान पाउनेछन् । (२) गाँउ, नगर र जिल्ला सरकारको कामको जिम्मेवारी अनुरुप प्राकृतिक श्रोतबाट प्राप्त श्रोतको प्रतिशत निर्धारण गरिनेछ । (३) रजिष्ट्रेशन शुल्कको सतप्रतिशत (४) सेवा शुल्क तथा दस्तुर (५) प्राकृतिक स्रोतबाट प्राप्त रोयाल्टीको देहायको अंश बाँडफाँट गरिनेछ । (क) वन क्षेत्रको ५० प्रतिशत, (ख) खानी (ढुंगा, गिटी, वालुवा, मार्वल, स्लेट, माटो, खरीढुंगा, सिलाजित) को ५० प्रतिशत (ग) खानी (खनिज तेल, ग्याँस, सुन, तामा, फलाम, कोइला, अभ्रख, चुनढुंगाा, किकंर) को ५० प्रतिशत (घ) पर्वतारोहण, पदयात्रा, संरक्षित क्षेत्र, राष्ट्रिय निकुञ्ज र वन्यजन्तु आरक्ष, पर्यटन प्रवेश शुल्कको ५० प्रतिशत, (ङ) जलविद्युत अन्तर्गतको रोयल्टी वापतको ५० प्रतिशत, (३) आफ्नो क्षेत्राधिकारभित्र कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु, सेवा, पूँजी र श्रमको आवत-जावत र छिमेकी प्रदेश वा स्थानीय सरकारलाई प्रतिकूल हुनेगरी लगाउन पाइने छैन । (६) जडिबुटी लगायत अन्य प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टीको ५० प्रतिशत स्थानीय सरकारलाई उपलब्ध गराउनु पर्नेछ । (७) स्थानीय स्वायत्त-सरकारले तोकिएको मापदण्डका आधारमा ऋण लिन पाउनेछन् । स्थानीय सरकारले लिने ऋणको व्यवस्थापन संघीय ऐनबाट निर्देशित हुनेछ ।

**१४. वित्तीय आयोगको गठन तथा काम, कर्तव्य र अधिकार:** (१) संघ, प्रदेश र स्थानीय सरकारहरुले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिणाम, करका आधार, दायरा, दर, समानीकरण, सशर्त/निशर्त अनुदान, तहगत सरकारका प्रतिनिधिमूलक संघ महासंघहरु, प्रदेश र संघको प्रतिनिधित्व रहनेगरी एक स्वतन्त्र राष्ट्रिय वित्तीय आयोग गठन गरिनेछ । आयोगले सम्बन्धित विषयका विशेषज्ञ रहेको कार्यदल बनाई कार्य गर्नेछ । (२) वित्तीय आयोग सम्वन्धी अन्य व्यवस्था संघीय कानूनमा व्यवस्था भएबमोजिम हुनेछ ।

**१५.स्थानीय सेवाको गठन:** (१) स्थानीय सरकारका कर्मचारीहरुको छनोट, भर्ना बढुवाका लागि प्रत्येक प्रदेश तहमा एक स्थानीय सेवा आयोग रहनेछ । (२) उक्त आयोगको काम, कर्तव्य र अधिकार कानूनद्वारा व्यवस्था भएबमोजिम हुनेछ । (३) जिल्ला भित्रका कर्मचारीहरुको समन्वय र व्यवस्थापन जिल्ला सरकारले गर्न सक्नेछ । (४) यो संविधान जारी हुँदाका बखत कार्यरत निजामति सेवा र स्थानीय सेवाका कर्मचारीहरुलाई निश्चित प्रक्रियाका आधारमा स्थानीय सेवामा समायोजन गर्न सकिनेछ ।

**१६. अन्तरसरकार सम्बन्ध र समन्वय:** (१) संघ, प्रदेश, स्थानीय सरकारबीचको सम्बन्ध सहकारिता, सह-अस्तित्व, समन्वय र परिपूरकको सिद्धान्तमा आधारित हुनेछ । (२) संघ, प्रदेश र स्थानीय सरकारले एक अर्कोसंग आपसी विश्वास, समन्वय र सहकार्यको आधारमा व्यवहार गर्नेछन् । (३) संघले सम्बन्धित प्रदेश र जिल्ला मार्फत् स्थानीय सरकारलाई संविधान, प्रचलित कानुन र मान्य सिद्धान्तबमोजिम सहयोग गर्ने, क्षमता बढाउने र निर्देशन दिन सक्नेछ ।

**१७. अन्तरसरकार विवाद समाधान:** (१) स्थानीय सरकारहरु बीच उत्पन्न जुनसुकै विवादहरुको समाधानका लागि दुई पक्षीय एवं बहुपक्षीय वार्ता, मेलमिलाप, समन्वय एवं मध्यस्थता जस्ता विवाद समाधानका वैकल्पिक प्रक्रियाहरु अवलम्वन गरिनेछ । (२) उपधारा (१) बमोजिम विवाद समाधान नभएमा त्यस्ता विवादको समन्वय र सहजिकरण जिल्ला परिषद्बाट गरिनेछ । (३) स्थानीय सरकारहरु बीच उत्पन्न हुने कानुनी विवादको शुरु कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ । (४) स्थानीय सरकारहरु बीच र स्थानीय र प्रदेश सरकारबीच उत्पन्न हुने कानुनी विवादको सुरु कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित प्रादेशिक उच्च अदालतलाई हुनेछ । (५) उपधारा (४) बमोजिमको प्रक्रियाबाट पनि अन्तरसरकार बीच उत्पन्न विवादहरु समाधान नभएमा संविधानद्वारा सूचीकृत अधिकारको विषयमा प्रादेशिक/संवैधानिक/सर्वोच्च अदालतलाई हुनेछ । (५) जिल्ला अदालतले गरेको निर्णय उपर प्रादेशिक उच्च अदालतले र प्रादेशिक उच्च अदालतले गरेको निर्णयउपर संवैधानिक विषयमा संवैधानिक अदालतमा पुनरावेदन गर्न सकिनेछ तथा प्रादेशिक उच्च अदालतले गरेको निर्णयको संवैधानिक अदालतबाट परिक्षण गर्न सकिनेछ ।

**१८. संघीय तथा प्रदेश व्यवस्थापिका निर्वाचनको सम्बन्धमा:** (१) केन्द्रीय व्यवस्थापिकाको माथिल्लो सदन गठन गर्दा प्रदेशले निर्वाचित गरि पठाउने सदस्यका अतिरिक्त एक चौथाइ सख्यामा प्रत्येक प्रदेशभित्रबाट स्थानीय सरकार प्रमुख र उपप्रमुखहरुको निर्वाचक मण्डलले निर्वाचित गरि पठाउनेछ । (२) प्रदेश विधायिकामा एक चौथाइ संख्यामा प्रदेश भित्रका स्थानीय सरकारका परिषद् सदस्यहरुको निर्वाचन मण्डलबाट आफूमध्येबाट निर्वाचित हुनेगरी समावेशी समानुपातिक रुपमा प्रादेशिक विधायिकाको सदस्य निर्वाचित गर्नेछ ।

**१९.संविधान संशोधन:** स्थानीय सरकारसम्बन्धी संवैधानिक व्यवस्थामा संशोधन, हेरफेर वा थपघट गर्दा सम्बन्धित स्थानीय सरकार र उनीहरुको प्रतिनिधिमूलक संस्थाहरुसँग परामर्श गरी मात्र गरिनेछ ।

**२०. स्थानीय स्वायत्त-सरकारसम्बन्धी संक्रमणकालीन व्यवस्था:** (१) यस संविधानद्वारा व्यवस्था गरिएको संघीय संरचनाअन्तर्गत स्थानीय सरकारहरुको नयाँ संरचना तयार नभएसम्म विद्यमान स्थानीय निकायहरु प्रचलित कानुनबमोजिम तत्काल निर्वाचन गरी क्रियाशील बनाईनेछ ।

**२१. अन्तराष्ट्रिय सन्धि सम्झौता:** संघ तथा प्रदेशले आर्थिक तथा औद्योगिक विषयमा कराराजन्य सम्झौता गर्दा सम्वन्धित स्थानीय सरकार र उनीहरुका संघ महासंघहरुको परामर्शमा गर्ने ।

**२२. स्थानीय सरकारमा न्याय निरुपण व्यवस्था:** प्रत्येक स्थानीय सरकारमा न्याय निरुपणको लागि स्वतन्त्र र निश्पक्ष न्यायिक मध्यस्थता समिति गठन गरिनेछ । यस तहमा भएका फैसला उपर जिल्ला, प्रादेशिक र संवैधानिक/सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछ ।

**जिल्ला सरकारको कार्यजिम्मेवारीको सूचि ...**

जिल्लातहको सरकारको कार्यजिम्मेवारी निम्नानुसार हुनेछ ।

१. गाँउ/नगर सरकारको योजना तर्जुमा र कार्यान्वयनमा सहजीकरण गर्ने ।
२. गाँउ/नगर सरकार र प्रान्त सरकारबीचमा मध्यस्थता भूमिका निर्वाह गर्ने ।

३. गाँउ/नगर सरकारले गरेका कामहरुको समन्वय, अनुगमन/मूल्यांकन र सहजिकरण गर्ने ।

४. गाँउ/नगर सरकारको क्षमता विकाससम्बन्धी काम गर्ने ।

५. जिल्लास्तरमा निम्नानुसारका थप कामहरु गर्ने ।

- *सुरक्षा निकायको व्यवस्थापन गर्ने ।*
- *सहकारीको दर्ता, नवीकरण, अनुगमन र व्यवस्थापन गर्ने ।*
- *स्थानीय सेवा (कर्मचारी व्यवस्थापन र समन्वय) ।*
- *प्राविधिक जनशक्ति व्यवस्थापन र सशक्तीकरण गर्ने ।*
- *शिक्षा नीति तर्जुमा, कार्यान्वयन र सहजीकरण गर्ने*
- *शैक्षिक तालिक केन्द्र स्थापना गरी सञ्चालन गर्ने ।*
- *नीति तर्जुमा, कार्यान्वयन र सहजीकरण गर्ने । साथै जिल्ला अस्पतालको व्यवस्थापन गर्ने ।*
- *कृषि नीति तर्जुमा, कार्यान्वयन र सहजीकरण गर्ने*
- *पशुसेवा नीति तर्जुमा, कार्यान्वयन र सहजीकरण गर्ने ।*
- *सिँचाई नीति तर्जुमा, कार्यान्वयन, सहजीकरण गर्ने*
- *प्राकृतिक स्रोतको संरक्षण र सम्बर्द्धन गर्ने ।*
- *उर्जा नीति तर्जुमा, कार्यान्वयन र सहजीकरण गर्ने*
- *पूर्वाधार विकास नीति तर्जुमा, कार्यान्वयन र सहजीकरण गर्ने ।*
- *निर्माण र पूर्वाधारको बर्गिकरण गरी योजनाहरु सञ्चालन गर्ने ।*
- *तहको तथ्यांक संकलन, प्रशोधन र प्रकाशन गर्ने ।*
- *जलबायु परिवर्तन सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन गर्ने ।*
- *खेलकुद र शारिरिक विकास सम्बन्धी कार्यक्रम बनाई लागु गर्ने ।*
- *यातायात गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।*
- *सञ्चार नीति तर्जुमा, कार्यान्वयन र सहजीकरण गर्ने ।*
- *वन नीति तर्जुमा, कार्यान्वयन र सहजीकरण गर्ने ।*
- *विभिन्न विषयगतकार्यालयहरुले गदै आएका गाँउ नगरभन्दा माथि र प्रदेश भन्दा तलका सबै विकास निर्माणका कार्यहरु गर्ने ।*
- *उद्योग नीति तर्जुमा, कार्यान्वयन र सहजीकरण गर्ने ।*
- *दैविप्रकोप नीति तर्जुमा, कार्यान्वयन र सहजीकरण गर्ने ।*
- *घरजग्गा धनीपूर्जा वितरण र अभिलेख अद्यावधिक गर्ने ।*
- *लघु जलविद्युत सञ्चालनको अनुमति दिने तथा नविकरण गर्ने ।*
- *नागरिकता/राहदानी वितरण गर्ने रेकर्ड अद्यावधिक गर्ने ।*
- *जातजाति, भाषा, संस्कृति, लिपी र धर्मको संरक्षण, प्रवर्द्धन र उपयोग ।*
- *बजार तथा व्यापार व्यवस्थापन गर्ने ।*
- *होटल तथा उद्योग व्यवसायको दर्ता, नवीकरण र अनुगमन गर्ने ।*
- *बालमैत्री स्थानीय सरकार सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र सहजीकरण गर्ने ।*
- *महिला, दलित, आदिवासी, मधेसी, मुस्लिम, थारु, बृद्धबृद्धा लगायत पडाडि पारिएका बर्गको उत्थान गर्ने ।*
- *संघ तथा प्रदेश सरकारले तोकेबमोजिम अन्य काम गर्ने*

# चुलोले नेपालका तराई तथा हिमाली जिल्लाहरुमा पारेका प्रभावहरुको अध्यायन प्रतिवेदन माथि छलफल

**२०६९ असाण १५ गते शुक्रबार,**

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको बैठक हलमा Trust Nepal ले गरेको अध्यायन प्रतिवेदन माथि छलफल गरिएको थियो । सो छलफलको अनौपचारिक रुपमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक डा. प्रो. गोविन्द पोखरेलले गर्नु भएको थियो । सो कार्यक्रममा पोखरेलले सुधारिएको चुलोले नेपालका तराई तथा हिमाली जिल्लाहरुमा पारेको प्रभावहरुको अध्यायन प्रतिवेदनको महत्वका बारेमा प्रकाश पार्नु भएको थियो । सो प्रतिवेदनमा राय, सल्लाह, सुझाव दिनका लागि आग्रह गर्नु भएको थियो । Trust Nepal का तर्फबाट यस अध्यायनका टोली प्रमुख राजन थापा बाट निस्कीएका निष्कर्षहरुलाई प्रस्तुतीकरण गर्नु भएको थियो । करीब २० जनाको Stakeholder को उपस्थितीमा भएको सो कार्यक्रममा विभिन्न व्यक्तिहरुबाट सल्लाह सुझाव लिइएको थियो । सो छलफलमा जिल्ला विकास समिति महासंघ नेपालको तर्फबाट ऊर्जा तथा वातावरण विज्ञ सतीश अर्यालले भाग लिनुभएको थियो । उहाँले प्रविधिहरु प्रवर्द्धनका लागि विकेन्द्रीकृत रुपमा स्थानीय निकायको समन्वयबाट मात्र हुनसक्ने बताउनुभयो । करिब १० वटा जिल्लाहरुबाट १०४ वटा सेम्पल लिई अध्यायन गरिएको थियो । सो अध्यायनले सुधारिएको चुलोको प्रयोगले प्रति घरधुरीले प्रतिमहिना ८१ केजी दाउरा बचत गर्न सकिने देखाइएको छ । त्यसै गरि सुधारिएको चुलोको प्रयोगले स्वास्थ्यमा सुधार आएको, खाना बनाउने समय बचत भएको, गृहणीहरुले बचत भएको समय खेतबारीमा प्रयोग गर्न सकेको, भान्छा कोठामा पुरुषहरुको सहभागिता बढ्दै गएको, बच्चा तथा केटाकेटीहरुको शैक्षिक गुणस्तर वृद्धि भएको सो प्रतिवेदनले जनाएको छ ।

# Rural Renewable Energy Providers with Cpacity Development Providers & Financing

**२०६९ असण १४ गते,**

SNV- Nepal र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको संयुक्त आयोजना तथा रिमरेक धुलिखेलको व्यवस्थापनमा स्थानीय स्तरमा उपलब्ध हुनसक्ने तथा स्थानीय बाटै कार्य गर्न सकिने क्षमता विकासका सेवाहरु प्रभावकारी रुपमा प्रवर्द्धन गर्ने उपायको बारेमा १ दिने कार्यक्रम धुलीखेलमा सञ्चालन गरिएको थियो । यसकार्यक्रममा सहभागिहरुलाई नविकरणीय ऊर्जा प्रविधिहरु प्रवर्द्धनमा क्षमता विकास सेवा लिन चाहाने तथा सेवा दिन चाहाने बिच स्थापना गरी ती सेवाहरु खरीद विक्रीका लागि bidding गरिएको थियो । शुरुमा नवीकरणीय ऊर्जा प्रविधिहरु प्रवर्द्धन क्षमता विकासका सेवाहरु विकी गर्न चाहाने संस्थाहरुले आफ्नो परिचय सहित आफूले विक्री गर्न चाहेको अधिकतम तीन वटा सेवाहरुको बारेमा उद्घोषण गरिएको थियो ।

त्यसपछि केताहरुको लागि बजार खुल्ला गरिएको थियो । सो बजारमा केताले विक्रेता संग के कती मूल्यमा सो विक्रेताको सेवा लिन खोजेको हो सो मूल्य अंकित गरी सो मूल्यको Bidding process बाट विक्रेताले क्रेता छान्न सकिने सो बजारको मूल्य आकर्षण रहेको थियो । यस कार्यक्रममा क्रेता र विक्रेता बिच focused group discussion बाट आएका निचोडहरु लाई प्रस्तुतिकरण गरिएको थियो । सो अवसरमा स्थानीय नीकायको क्षमता विकासले मात्र दिगो विकास हुने र यसमा पहल गर्नुपर्ने माग जिविस महासंघ नेपालका ऊर्जा तथा वातावरण विज्ञ सतीश अर्यालले राख्नु भएको थियो । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशक डा. प्रो. गोविन्द पोखरेल तथा जिविस काभ्रेका स्थानीय विकास अधिकारी गोविन्द बहादुर कार्की बाट उद्घाटन गरिएको सो कार्यक्रम रिमरेकका अध्यक्ष डा. प्रेम शर्माबाट समापन गरिएको थियो । सो कार्यक्रममा करीब ४० जनाको उपस्थिती रहेको थियो । कार्यक्रमको सहजीकरण SNV-Netherland का लुसीले गर्नुभएको थियो ।

# सामाजिक परिचालनको जिम्मेवारी जिविस महासंघलाई

**कारोबार संवाददाता**

काठमाडौं, २८ असार

सरकारले स्थानीय निकायमा सामाजिक परिचालनमार्फत बजेट खर्च, पारदर्शिता र सार्वजनिक लेखापरीक्षणको सहजीकरण गर्ने जिम्मा जिल्ला विकास समिति राष्ट्रिय महासंघलाई दिएको छ।

स्थानीय निकायमा सरकारी अनुदान बर्सेनिजस्तो बढ्दै गए पनि सुशासनको पाटो खस्किएको भन्दै केही वर्षयता सरकारले यस्मा चासो दिन थालेको छ । हालसम्म 'स्थानीय निकाय उत्तरदायित्व संयन्त्र' (एलजीएएफ) नामक अर्धस्वायत्त निकाय गठन गरी सुशासनसम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको थियो ।

स्थानीय विकास मन्त्रालयका सहसचिव बोधराज निरौलाका अनुसार सन् २०१२ जुलाईदेखि एलजीएएफको कार्यक्रम अवधि समाप्त भएकाले महासंघलाई जिम्मा दिन लागिएको हो । "शनिबारदेखि एलजीएएफको समायवधि सकिने भएकाले महासंघलाई छनोट गरिएको छ," उनले भने, "महासंघले एक वर्षका लागि मात्र जिम्मेवारी पाएको हो ।"

निरौलाका अनुसार एलजीएएफ सञ्चालन गर्ने स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (एलजीसीडीपी) को पहिलो चरण समाप्त भएको र दोस्रो चरण सुरु नभइसकेको अवस्थामा महासंघलाई जिम्मेवारी दिएको हो । २००८ को जुलाईमा सुरु भएको एलजीसीडीपीको चारवर्षे पहिलो चरणको कार्यक्रम यही जुलाईमा समाप्त हुँदैछ । दोस्रो चरणको तयारीका लागि एक वर्ष लाग्ने हुँदा कार्यक्रमले न्यूनतम बजेटमा काम गर्ने उनले बताए । "कम बजेट भएको बेला महासंघलाई जिम्मेवारी दिन लागेको भने होइन," उनले स्पस्ट पारे ।"

> "एलजीएएफ सञ्चालन गर्ने स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (एलजीसीडीपी) को पहिलो चरण समाप्त भएको र दोस्रो चरण सुरु नभइसकेको अवस्थामा महासंघलाई जिम्मेवारी दिएको हो ।"
>
> –निरौला

एलजीएएफले स्थानीयस्तरका गैरसरकारी संघसंस्था तथा सेवाप्रदायक संस्थाहरू छनोट गरी कार्यक्रमका लागि अनुदान दिने, संघसंस्थाको कामलाई अनुगमन तथा मूल्यांकन गर्नेजस्ता सहजीकरण गर्दै आएको थियो । एलजीएफले गत वर्ष पाँचै विकास क्षेत्रका ७८ स्थानीय संघसंस्था तथा स्थानीय सेवाप्रदायकलाई अनुदान दिएर सामाजिक परिचालन गरेको थियो । "महासंघले पनि कार्यक्षेत्रमा खटेर होइन कि सहजीकरण गर्छ," निरौलाले भने ।

हाल देशभर ४० हजार सामाजिक समूह र ४ हजार परिचालक क्रियाशील रहेको हुन सक्ने मन्त्रालयको अनुमान छ । निर्वाचित जनप्रतिनिधि नभएकाले स्थानीय निकायको अनुदानमा पिछडिएका वर्ग तथा लक्षित क्षेत्रको पहुँच पुऱ्याउने मुख्य उद्देश्यले एलजीएएफ गठन गरिएको थियो । "एलजीएएफले गर्दै आएको यही कार्यक्रम महासंघलाई दिएको हो," उनले भने । जिविस महासंघलाई सहजीकरणको जिम्मेवारी दिएपछि सरकारबाट पाएको अनुदान स्थानीय सेवाप्रदायक तथा गैरसरकारी संस्थाहरूलाई पुनः महासंघले विनियोजन गरी कार्यक्रम सञ्चालन गर्नेछ।

## काठमाडौंको ऊर्जा सम्बन्धी कार्यक्रममा जिविस महासंघ नेपालको सहभागिता

जिल्ला ऊर्जा तथा वातावरण इकाई - जिल्ला विकास समिति काठमाडौंले २०६९ असार १७ गते आइतवारका दिन वैकल्पिक ऊर्जा प्रविधिहरुकोबारेमा १ दिने विद्यालय अनुशिक्षण कार्यक्रम सम्पन्न गरेको छ । सो कार्यक्रम शेषनारायण गाविस-४ मा अवस्थित श्री शिखरापूर सामुदायिक विद्यालयको सभाहलमा आयोजना गरिएको थियो । शेषनारायण गाविसका सचिव लेखनाथ अधिकारीको सभापतित्व तथा स्थानीय शिक्षकहरुको प्रमुख आतिथ्यमा संचालित सो अनुशिक्षण कार्यक्रमममा त्यो भेगका करिब ६० जना विद्यार्थिहरुको उपस्थिती रहेको थियो । जिविस महासंघ नेपालका ऊर्जा तथा वातावरण विज्ञबाट सो कार्यक्रममा विविध जैविक उर्जा प्रविधिहरुकोबारेमा जानकारी गराइएको थियो । Practical Action का पुस्कर मानन्धरबाट सौर्य तथा वायु ऊर्जाको बारेमा, NEDC का शिवराम अधिकारीबाट वायोग्यासको बारेमा र जिल्ला ऊर्जा इकाई काठमाडौंका अनिल श्रेष्ठबाट लघुजलविद्युत् प्रविधिको बारेमा जानकारी गराइएको थियो ।

यस्ता कार्यक्रमबाट ऊर्जा प्रविधिहरुको महत्व एंव फाइदाको बारेमा जानकारी मिलेको सहभागि विद्यार्थीहरुले बताएका थिए ।

## पार्वती खोला लघुजलविद्युत् आयोजनाबाट जिविस काभ्रेलाई लाभांश वितरण

**२०६९ असार १८ गते, काभ्रे:** जिल्लाको अति विकट गाउँमा संचालित पार्वती खोला लघुजलविद्युत् सहकारी संस्थाले आफ्नो मुनाफाको ५ प्रतिशत लाभांश जिल्ला विकास समिति काभ्रेलाई प्रदान गरेको छ । जिल्लाको बुढाखानी गाँउ विकास समितिमा रहेको पार्वती खोला लघुजलविद्युत् सहकारी संस्थाले लाभांश वापत १८ हजार ८ सय ५ रुपैयाँको चेक स्थानीय विकास अधिकारी गोविन्दबहादुर कार्कीलाई हस्तान्तरण गर्नुभएको थियो । २०५६ सालमा आयोजना निर्माण हुदाँ जिल्ला विकास समिति ५८ हजार ३ सय रुपैयाँ सहयोग गरेको थियो । सोही रकमलाई लगानी (सेयर) मानेर सहकारीले लाभांश दिएको हो । संस्थाका सचिव शिवकुमार जर्घामगरले रकम सानो भए पनि यो प्रतिकात्मक भएको बताए । रु. २८ लाखको कुल लागतमा २०५७ सालमा योजना सम्पन्न भएको थियो ।

सहकारीमा हाल १ सय ४७ घरधुरी शेयर सदस्यका रुपमा आवद्ध छन् । संस्थाले हालसम्म ३५ लाख बराबरको कारोबार गरी करीब १ लाख मुनाफा आर्जन गरेको छ । उहाँहरुले गर्नुभएको सहयोगलाई सेयर मानेर थोरै भए पनि लाभांश दिएका हौं । संस्थाका कोषध्यक्ष टेकबहादुर थापाले भने । सरकारी स्तरबाट भएको सहयोगलाई सेयर मानेर लाभांश दिएको जिल्लामा यो पहिलो घटना हो । आयोजनाबाट ११ किलोवाट बिजुली निकालिँदै आएको छ । आयोजनाका लागि वैकल्पिक ऊर्जा प्रवर्द्वन केन्द्रले १४ लाख रुपैयाँ र रिमरेक नामक संस्थाले प्राविधिक सहयोग गरेको थियो । काभ्रेको उक्त कार्यक्रममा जिल्ला विकास समिति महासंघ नेपालको तर्फबाट ऊर्जा तथा वातावरण विज्ञ सतिश अर्यालले भाग लिनुभएको थियो ।




# टेलिभिजन कार्यक्रम
# स्थानीय सरोकार

स्थानीय निकायका संघ/महासंघहरु जिल्ला विकास समिति महासंघ नेपाल, गाउँ विकास समिति राष्ट्रिय महासंघ र नेपाल नगरपालिका संघ तथा जिल्ला विकास समिति काठमाडौं, ललितपुर र भक्तपुरको संयुक्त कार्यक्रमका रुपमा नेपाल टेलिभिजनमा प्रत्येक हप्ताको आइतबार साँझ ५:०५ देखि ५:३० बजेसम्म हाल टेलिभिजन कार्यक्रम **स्थानीय सरोकार** संचालन भैरहेको छ।

सो टेलिभिजन कार्यक्रम हेरेर त्यसलाई अझबढि स्तरिय र प्रभावकारी बनाउन के/कस्ता सुधार गर्न सकिन्छ, सुझाव दिनुहुन सबैमा अनुरोध गरिन्छ।

***<u>सम्पर्कका लागि</u>***
*संचार विकास तथा अनुसन्धान केन्द्र नेपाल*
*शिव रेग्मी, ९७५१००७७२२, ईमेल : mdrc100@gmail.com*

जिल्ला विकास समिति महासंघ नेपाल Association of District Development Committees of Nepal (ADDCN)
☎: 977-15554081, 5529202 **Fax #** 977-1-5548469 Sanepa Mode, Lalitpur, **P.O.Box #** 12022, Kathmandu
**E-mail :** addcn@addcn.org.np **URL:** www.addcn.org.np